# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पाँचखाल, काभ्रेपलाञ्चोक
### बागमती प्रदेश, नेपाल

# विज्ञापन कर संकलन र चमेना गृह सञ्चालन सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०३/२०)**

नगरपालिका हाता भित्र चमेना गृह सञ्चालन गर्ने र पाँचखाल नगरपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन गर्ने कार्य ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कार्य गर्न चाहने योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले देहायका शर्त बन्देजको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्त बन्देज**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८०/०४/०३ गते सम्म) भित्र कार्यालय समय सम्ममा दरभाउपत्र फारम खरिद गर्न र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (मिति २०८०।०४।०४ गते) दिनको १२:०० बजे भित्रमा शिलबन्दी दरभाउपत्र फारम पाँचखाल नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ।

२. दरभाउपत्र साथ आफुले कबोल गरेको कुल रकमले हुन आउने पाँच प्रतिशत वा सो भन्दा बढि रकम यस कार्यालयको नेपाल बैंक लि. पाँचखाल स्थित बैंकमा धरौटी खाता नं. १२४०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्ने छ।

३. विज्ञापन कर संकलन गर्दा नगर क्षेत्र भित्रका साना होटल व्यवसाय, किराना पसल, अन्य पसलहरुले आफ्नो व्यसाय गरेको स्थानमा पसल/व्यवसायको चिनारीको लागि राखिएको होडिङ बोर्डहरुको कर लिन पाइने छैन। तर आफ्नो व्यवसाय स्थल भन्दा अन्यत्र राखिएमा कर लाग्नेछ। तथा चुरोट, रक्सि, सेम्पु, रड, सिमेन्ट आदीको विज्ञापन गरि पसलको नाम राखेमा सम्बन्धित व्यवसाय (चुरोट, रक्सि, सेम्पु, रड, सिमेन्ट आदी) सँग असुल गर्ने।

४. चमेनागृह संचालन तथा विज्ञापन कर संकलनको लागि आफुले कबोल गरेको अंकमा भ्याट समेत प्रत्येक वर्ष १० प्रतिशका दरले वृद्दि हुने गरि तीन वर्षका लागी ठेक्का आव्हान गरिएको छ। चमेनागृह संचालनको लागि खाजा तथा खानाको दररेट प्रत्येक वर्ष राजश्व परामर्श समितिको सिफारिसमा नगरकार्यपालिकाको निर्णय बमोजिम परिवर्तन गरिनेछ।

५. स्वीकृत दरभाउपत्रवालाले आफुले कवोल गरेका ठेक्का रकम अग्रीम भुक्तानी गरेमा कबोल अंकको भ्याट बाहेक ५ ले हुन आउने रकम छुट हुनेछ।

**कामको विवरण**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | न्युनतम वार्षिक कबोल अंक (मु.अ.क.बाहेक) | दरभाउ पत्र फारम | ठेक्का खोल्ने मिति | ठेक्का खोल्न समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | PMIR/01/2080/81 | पाँचखाल नगरपालिकामा चमेना गृह सञ्चालन | रु. ८०,०००।- (असी हजार रुपैया मात्र) | रु. १,०००।- | २०८०।०४।०४ | दिनको १:०० बजे | |
| २ | PMIR/02/2080/81 | विज्ञापन कर संकलन | रु. १,५०,००० ।- (एक लाख पचास हजार रुपैया मात्र) | रु. १,०००।- | २०८०।०४।०४ | दिनको १:०० बजे | |